निगमले इन्धन आयतमा हुने अपचलन रोक्नको लागि भारतीय आयल निगम (आईओसी)को सहयोगमा नेपालमा इन्धन आयत गर्ने नाकामा सेक्युरिटी लकिङ सिस्टम जडान गर्दै आएको छ। गत वर्षको फागुन ३० गतेबाट झापाको चारआली डिपाबाट इन्धन ढुवानी गर्ने ट्यांकरमा तेल चोर्न नमिल्ने सेक्युरिटी लकिङ सिस्टम जडान गरिएको थियो।

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO 500D GUARANTEED DUCTILITY

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027594), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)

# शेयरप्रति लचिलो बन्न सक्ने

नेपाल समाचारपत्र

काठमाडौं

हकप्रद र बोनस शेयरमा पुँजीगत लाभकर सम्बन्धी अध्ययन गर्न गठित समितिले अर्थ मन्त्रालयमा सुझाव पेस गरेको छ। समितिको सुझावमा अल्पकालीन र दीर्घकालीन लगानी 'वेटेज एभरेज'को आधारमा लाभकर लगाउने व्यवस्था गर्न सुझाव दिएको बताइएको छ।

समितिको सिफारिसलाई अर्थ मन्त्रालयले कार्यान्वयनमा ल्याएमा अब प्रत्येक लगानीकर्ताको शेयरलाई वेटेड एभरेजका आधारमा हिसाब गरेर लाभ कर लिइनेछ। समितिले शेयर कारोबारमा कारोबार कर लगाउने विकल्पसहितको सुझाव पनि दिएको छ।

आन्तरिक राजस्व विभागले हकप्रद र बोनस शेयरको औसत आधार मूल्य गणना गर्ने व्यवस्था परिमार्जन गर्दै अंकित चुक्ता मूल्यको आधारमा नै लाभकर गणना गर्न निर्देशन दिएपछि विवादमा परेको थियो। लगानीकर्ताले शेयर कारोबार नै ठप्प पारेर आन्दोलनमा उत्रिएपछि सरकारले अध्ययन समिति गठन गरेको थियो।

अर्थ मन्त्रालयको नीति व्यवस्थापन महाशाखाका सहसचिव उत्तरकुमार खत्रीको संयोजकत्वमा समिति गठित समितिमा नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सीडीएस एन्ड क्लियरिङका प्रतिनिधि थिए। यसैबीच पुँजी बजारप्रति सरकार लचिलो बन्ने आशामा सोमबार घटिररहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सामान्य अंकले वृद्धि भएको छ। नेपाल स्टक एक्स्चेन्जका अनुसार नेप्से परिसूचक १.९२ बिन्दूले बढेर एक हजार २३५ बिन्दूमा पुगेको छ।

सोमबार कुल १५४ कम्पनीको चार लाख ८४ हजार ६४५ कित्ता शेयर १९ करोड ५२ लाख ३४ हजार १२६ मूल्यमा खरिद बिक्री भएको छ। नेप्सेका अनुसार आज पाँच उपसमूहको शेयरमा बढेको छ भने चार उपसमूहको शेयर घटेको छ। होटल ४.३८, जलविद्युत् ९, बीमा २२.५२, अन्य ५.२६ र माइक्रोफाइनान्सको ८.७ अंकले बढेको छ। यस्तै बैंकिङ ०.५४, विकास बैंक १.२७, फाइनान्स ०.२६ र उत्पादन समूहको शेयर ८.१८ अंकले घटेको छ।

यस्तै यस दिन 'क' वर्गमा कम्पनीको शेयर मापन गर्ने सेन्सेटिभ परिसूचकसमेत ०.४२ अंकले बढेको छ।

# तेल चोर्न नपाएपछि ढुवानी ठंप्प

काठमाडौं, (नेस)

नेपाल आयल निगमको पोखरा डिपोका ट्याकर चालकले तेल चोर्न नपाएपछि ढुवानी ठप्प पारेका छन्। निगमले तेल आयात गर्ने ट्यांकरमा सेक्युरिटी लकिङ सिस्टम जडानसँगै ट्यांकर चालकले तेल ओसार पोसार गर्दा हुने अपचलन रोकिएको थियो।

चालकहरूका नेतृत्वकर्ता खडान्नद पाण्डे र शम्भु गिरीले अंलेखगन्ज र रक्सौल नाकाबाट इन्धन ढुवानी गर्न गएका ट्यांकरलाई धम्काएर इन्धन ढुवानी गर्न अवरोध गर्दै आएका छन्। बजारमा इन्धनको आपूर्तिमा अवरोध गर्दै आएको बुझिएको छ।

मासिक तलब २० हजार पाउँदै आएका उनीहरूले ढुवानी भत्तावापत एक ट्रिपमा ७ हजार ५०० रुपियाँ पाउँदै आएका छन्। खर्च कटाएर पनि चालकको हातमा ३० हजार बचत हुन्छ। एक चालकले पोखरा रक्सौलमा ढुवानी वापत मासिक ६ पटक ढुवानी गर्दै आएका छन्। यस अनुसार मासकि १८ हजार बचत हुने देखिन्छ। मासिक तलब र भत्ता गरेर करिब मासिक ३६ देखि ३८ हजार रुपियाँ कमाउँदै आएका थिए। निगमले भने वार्ताको माध्यबाट चालकको सेवा सुविधामा वृद्धि गर्नको लागि तयार रहेको बताएको छ। तर, अनेक बहानामा आम उपभोक्तालाई दैनिक अवरोध हुने गरी आपूर्ति व्यवस्थामा अवरोध नगर्न अनुरोधसमेत गरेको छ। निगमको अनुरोधलाई समेत वेवास्ता गर्दै ढुवानीमा अवरोध गर्न चालक दललाई कानुन अनुसार कारबाही गर्न निगमले तयारी थालेको छ।

निगमले इन्धन आयतमा हुने अपचलन रोक्नको लागि भारतीय आयल निगम (आईओसी)को सहयोगमा नेपालमा इन्धन आयत गर्ने नाकामा सेक्युरिटी लकिङ सिस्टम जडान गर्दै आएको छ। गत वर्षको फागुन ३० गतेबाट झापाको चारआली डिपाबाट इन्धन ढुवानी गर्ने टयांकरमा तेल चोर्न नमिल्ने सेक्युरिटी लकिङ सिस्टम जडान गरिएको थियो। भारतबाट इन्धन आयात गर्ने करिब ७० प्रतिशत ट्यांकरमा लकिङ गरिसेको छ भने विराटनगर र जनकपुर नाकाका ट्याङकरमा लकिङ गर्न बाँकी रहेको निगमका प्रवक्ता वीरेन्द्र गोइतले बताउनुभयो।

# मेगा बैंक र रिलायवल लाइफ इन्स्योरेन्सबीच सम्झौता



काठमाडौं, (नेस)

मेगा बैंक नेपाल र रिलायवल लाइफ इन्स्योरेन्स कम्पनीबीच बैंकास्योरेन्स सम्झौता भएको छ। मेगा बैंकको प्रधान कार्यालयमा मेगा बैंकका वरिष्ठ नायब महाप्रबन्धक महेश ढकाल र रिलायवल लाइफ इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नारायणबाबु लोहनीले बैंकास्योरेन्स सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो।

सम्झौता अनुसार अब ग्राहकले मेगा बैंकका देशभरिका शाखाबाट रिलायवल लाइफ इन्स्योरेन्समा जीवन बीमा गर्नुका साथै प्रिमियम भुक्तानी, दाबी भुक्तानीलगायत सबै सेवा प्राप्त गर्न सक्नेछन्।

# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार ५, जुन १९, २०१८

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०८।४८ | १०९।०८ |
| युरो १ को रू. | १२६।०२ | १२६।७२ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।७६ | १४४।५६ |
| स्विस फ्रन्क १ को रू. | १०८।९९ | १०९।५९ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।७६ | ८१।२१ |
| क्यानाडियन डलर १ को रू. | ८२।३२ | ८२।७८ |
| सिङ्गापुर डलर १ को रू. | ८०।३४ | ८०।७९ |
| जापानी यन १० को रू. | ९।८२ | ९।८८ |
| चिनियाँ युआन १ को रू. | १६।८५ | १६।९४ |
| साउदी अरब रियाल १ को रू. | २८।९३ | २९।०९ |
| कतारी रियाल १ को रू. | २९।८० | २९।९६ |
| थाई भाट १ को रू. | ३।३२ | ३।३४ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।५३ | २९।७० |
| मलसियन रिङ्गिट १ को रू. | २७।१४ | २७।२९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८३ | ९।८८ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३० |
| डेनिस क्रानर १ का रू. | १६।९२ |
| हङकङ डलर १ का रू. | १३।८२ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# १० औं कृति अवार्ड हुँदै

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल विज्ञापन संघले आगामी भदौ ७ गते १०औं कृति अवार्ड गर्ने भएको छ। उक्त अवार्डका निम्ति चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरी र नेपाल विज्ञापन संघका अध्यक्ष रवीन्द्र कुमार रिजाल 'शशि'ले टाईटल स्पोन्सर सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुभयो। उक्त अवसरमा सिजीका उपाध्यक्ष जीपी शाह, वरिष्ठ महाप्रबन्धक प्रदीप पुडासैनि र सहायक महाप्रबन्धक लालबाबु प्रसाद तथा आनका पूर्वअध्यक्षलगायतको समेत उपस्थिति रहेको थियो।




१०औं कृति अवार्डको टाईटल स्पोन्सर नेपाल आइस (सिजी. ब्रुअरी नेपाल) र पावरड बाई सिजी सिमेन्ट हुनेछ। सो अवसरमा चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीले नेपाल विज्ञापन संघले २०६० देखि गर्दै आएको कृति अवार्डसलाई केही वर्षयताका संस्करणमा सिजी ग्रुपले प्रायोजन गर्न पाएकोमा खुशी व्यक्त गर्दै भविष्यमा पनि सहकार्य गर्न सकिने बताउनुभयो। त्यसै नेपाल विज्ञापन संघका अध्यक्ष रवीन्द्र कुमार रिजाल 'शशि'ले प्रमुख प्रायोजक सिजी ब्रुअरी र पावरड बाई सिजी सिमेन्टलाई कार्यक्रम प्रायोजनका लागि धन्यबाद व्यक्त गर्दै भविष्यमा पनि नेपाल विज्ञापन संघ र सिजी ग्रुपबीचमा सहकार्य रहिरहने विश्वास व्यक्त गर्नुभयो।

कृति अवार्डको १०औं संस्करणमा २५ विभिन्न विज्ञापनका विधालाई प्रतिस्पर्धा गरी पुरस्कृत गरिने छ। अवार्ड छनोट तथा मूल्यांकनका लागि सूचना, सञ्चार, विज्ञापन र मिडिया मार्केटिङ क्षेत्रका विज्ञ डा. सुधांशु दाहाल, प्राडा भोजराज अर्याल र बबिता बस्नेतसहितको ३ सदस्यीय प्रमुख निर्णायक मण्डल रहनेछ। जसमा विभिन्न क्षेत्रका विशेषज्ञसहितको निर्णायक उपसमिति रहनेछ।

# रियल स्कूल अफ नेपालको नेपालगन्ज अडिसन सम्पन्न




काठमाडौं, (नेस)

रियल स्कूल अफ नेपाल २०१८ अन्तर्गत चौथो क्षेत्रीय फाइनल मध्यरपश्चिमाञ्चलको नेपालगन्जमा सम्पन्न भएका छ। यस प्रतियोगिताबाट जय बागेश्वरी सेकेन्डरी स्कूल विजयी विद्यालय घोषित भएको छ। विजयी विद्यालयका सहभागी विद्यार्थीहरूमा अनुजकुमार विश्वकर्मा, सुमित राजवशीं, रविन केसी, साहिल इद्रिशी, बिनम घले र अमृत बिष्ट हुन्। विजयी विद्यार्थीले काठमाडौंमा सम्पन्न हुने रियल स्कूल अफ नेपाल २०१८ को अन्तिम चरणको प्रतियोगितामा अन्य विजयी विद्यालयका विद्यार्थीसँग प्रतिस्पर्धा गर्नेछन्।

# जापान र नेपाल वीच हवाई सम्झौता

काठमाडौं, (नेस)

नेपाल र जापान वीच दुई पक्ष सिधा हवाई उडानका लागि सम्झौता भएको छ। हप्तामा १४ वटासम्म उडान भर्न पाइने सम्झौतामा उल्लेख गरिएको छ। नेपाल सरकार र जापान प्रतिनीधि मन्डल वीच करिव २५ वर्षपछि हवाई सम्झौताको पुनरावलोकन भएको संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्रालयले जनाएको छ। मंगलबार मन्त्रालयका सचिव कृष्ण देवकोटा र जापानी प्रतिनिधि मण्डलले संयुक्तरुपमा सम्झौता पत्रमा हस्ताक्षर गरेको थियो। नयाँ सम्झौताअनुसार अबदेखि हप्ताको १४ वटा तथा दैनिक २ वटा उडान नेपालबाट जापानका विभिन्न शहरमा उडान भर्न मिल्ने बताइएको छ। यो सम्झौतापछि यसै महिनामा आयात गर्न लागेको नेपाल वायुसेवा निगमको विमानबाट जापानमा उडान गर्नका लागि थप सहज भएको बताएको छ।



# सुजुकी स्विफ्टको पहिलो ग्राहक शक्ति गौचन

नेपाल समाचारपत्र

काठमाडौं

सुजुकीका चार पाङ्ग्रे सवारी साधनको नेपालका लागि आधिकारिक बिक्रेता तथा सीजी होल्डिङको अटोमोटिभ विभाग सीजी मोटोकर्पले स्विफ्टको तेस्रो संस्करणको मोडल अनावरण गरेको छ। यस मोडेलको अनावरण संयुक्त रुपमा सीजी होल्डिङ्सका सभापति तथा प्रबन्ध निर्देशक अरूण चौधरी र राष्ट्रिय क्रिकेट खेलाडी शक्ति गौचनद्वारा गरिएको थियो। शक्ति गौचन स्विफ्टको नयाँ मोडेलकै पहिलो प्रयोगकर्ता बन्नुभएको छ। कार्यक्रममा बोल्दै शक्ति गौचनले भन्नुभयो-'म पहिलेदेखि नै सुजुकीको फ्यान हुँ। सानैदेखि नै मलाई सुजुकीका गाडीहरूमा निकै चासो हुने गर्दथ्यो। यस दिनको लागि म लामो समयदेखि धैर्यतापूर्व पर्खाइमा थिएँ। लामो प्रतीक्षाको फलस्वरुप आज एक उत्कृष्ट गाडी प्रयोग गर्ने अवसर प्राप्त गर्दा म निकै उत्साहित छु।'

नयाँ स्विफ्ट सिंगल एपर्चर फ्रन्ट ग्रील, एलइडी प्रोजेक्टर हेडल्याम्प, कट टु-टोन आयल व्हील तथा अर्बन स्याटिन क्रोमयुक्त इन्टेरियरसहित १.२ लिटर भीभीटी जस्ता प्रविधि रहेको छ। डबल एयरब्याग, इबिडिसँगै एबिएस, आइसोफिक्स् र टोटल इफेक्टिभ कन्ट्रोल टेक्नोलोजी प्रविधिसँगै ल्याइएको हो। सुजुकीको अभिनव पाँचौ संस्करण हर्टेक्ट प्ल्याटफर्ममा निर्मित नयाँ स्विफ्टको पावर र तौलको उत्कृष्ट अनुपातसहित सुधार गरिएको एक्सलरेशन पर्फोमेन्स् सहित बजारमा ल्याइएको छ। यस सवारीको प्रारम्भिक अफरसहित मूल्य २८ लाख ९९ हजार तोकिएको छ।

